# नेपाल सैनिक (पाइनियर गण) भर्ना नियमहरू, २०२०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२०।१०।२७

**सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।**

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरूको नाम "नेपाली सैनिक (पाइनियर गण ) भर्ना नियमहरू, २०२०" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा :-

"पाइनियर गण " भन्नाले नेपाली सेनाको पाइनियर गण  सम्झनु पर्छ ।

३. **भर्ना उमेर**: (१) पाइनियर गण को देहायका दर्जाको पदमा नयाँ भर्ना हुन देहायको उमेर पुगेको हुनु पर्दछ ।

डकर्मी, बज्रकर्मी, बोसी, आरावाल, सिकर्मी, कालिगढ, सिकर्मी नाइके, हेडकालिगढ सार्कीलाई ....... १८ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको ।

पाइनियर र ढुङ्गेलाई ........ १८ वर्ष पूरा भएको र २५ वर्ष ननाघेको ।

(२) नेपाली सेना वा विदेशी सेनामा सेवा गरिसकेका एक्स सर्भिसमेन नेपाली नागरिक पाइनियर गण का देहायका दर्जाको पदमा नयाँ भर्ना हुन देहायको उमेर पुगेको हुनु पर्दछ ।

| | |
|---|---|
| सिपाही | १८ वर्ष पुरा भएको ३० वर्ष ननाघेको । |
| हवल्दारलाई | १८ वर्ष पूरा भएको र ३६ वर्ष ननाघेको । |
| जमदार | १८ वर्ष पूरा भएको र ४६ वर्ष ननाघेको । |
| सुवेदार, सहायका सेनानी | १८ वर्ष पूरा भएको र ४८ वर्ष ननाघेको । |

सहसेनानी र सो भन्दा माथि १८ वर्ष पूरा भएको र ५० वर्ष ननाघेको ।

४. **सरुवा वा बढुवा भै आउनेको तलब:** नेपाली सेनाको अरु पदबाट पाइनियर गण मा प्रमोशन पाई सरुवा भै आउने व्यक्तिको तलबको स्केल प्रमोशन पाएको शुरु स्केलबाट शुरु हुनेछ । तर अरु पदबाट पाइनियर गण को समान दर्जाको पदमा सरुवा हुनेले आफूले खाई पाई आएको नघटने गरी पाइनियर गण तर्फको दर्जाको मिल्दो नजिकको स्केल पाउने छ । त्यसरी सरुवा भै आउनेले साविक पदमा हदको स्केल खाई सकेको छ भने घट्न जाने भए पनि पाइनियर गण को सरुवा भएको पदको हदको स्केल मात्र पाउनेछ ।

५. **सरुवा हुने मञ्जुरी लिनुपर्ने:** नेपाली सेनाको अरु पदबाट पाइनियर गण मा सरुवा बढुवा गर्दा सरुवा बढुवा गरिने व्यक्तिको मञ्जुरी लिनु पर्नेछ ।

६. **उमेरको हद:** पाइनियर गण को विभिन्न दर्जाको रिटायर हुने उमेरको नेपाली सेनाको समान दर्जाको उमेरको हदभन्दा ५ वर्ष बढी हुनेछ । तर, डकर्मी, बज्रकर्मी, वोसी, आरावाल, सिकर्मी, कालिगढ, सिकर्मी नाइके, हेड कालिगढ र सार्कीहरूको हदमा रिटायर हुने उमेरको हद ५५ वर्षको हुनेछ ।

७. **उचाई र छातीको नाम :** देहाय बमोजिम नभई पाइनियर गण मा कुनै व्यक्तिलाई भर्ना गरिने छैन ।

| उचाई | छाती |
|---|---|
| ५.१" वा | ३१" वा |
| सोभन्दा माथि | सोभन्दा माथि |

तर डकमी बज्रकर्मी, बोसी, आरावाल, सिकर्मी, कालिगढ, सिकर्मी, नाइके, हेड कालिगढ र सार्कीहरूको हकमा भने उक्त नापको हद लागू हुने छैन ।

८. **गैर कट्टी र खाली:** एकै पटक वा पटक पटक गरी पाइनियर गण का कुनै व्यक्ति वर्ष भरीमा तीन दिनभन्दा बढी गैर परेमा निजलाई नोकरीबाट बर्खास्त गरिने छ । सोभन्दा बढी दिन गैर भएको रहेछ भने जति दिन गैर परेको रहेछ त्यति दिनको निजले पाउने तलबबाट गैर कट्टी गरिनेछ ।

नेपाल कानुन आयोग

९. **<u>पेन्सन</u>**: पाइनियर गण का व्यक्तिले २० वर्षको अवछिन्न नेपाल सरकारको सेवा पूरा गरेपछि नेपाली सेनाको अरु सामान दर्जाको व्यक्तिले पाए सरह निजले पाउने तलबको स्केलको पूरा गरेपछि दर रेट अनुसार पेन्सन पाउनेछ ।

१०. पाइनियर गण मा भर्ना हुने गैर व्यक्तिले आफू भर्ना भएको पाँच वर्षसम्म सरकारी सेवा गर्छु भन्ने शर्त स्वत: गरेको मानिनेछ ।

११. **<u>तालीम र तालीम अवधिमा दिइने ग्राण्ट</u>**: पाइनियर गण का डकर्मी, बोसी, बज्रकर्मी, आरावाल, सिकर्मी, कालिगढ, सिकर्मी नाइके, अरु हेड कालिगढ र सार्की बाहेक अरु गैह्र व्यक्तिलाई सैनिक बेसिक तालीम दिई राइफलबाट चाँदमारी समेत गराइनेछ र उक्त ट्रेनिङ ग्राण्ट समेत दिइनेछ । तर एजुकेशन ग्राण्ट भने दिइने छैन ।

१२. **<u>नियमहरू लागू हुने</u>**: पाइनियर गण का सम्बन्धमा यी नियमहरूमा लेखिए जतिमा यी नियमहरू बमोजिम र अरूमा सैनिक ऐन, २०१६ अन्तर्गत बनेको अरू नियमहरू बमोजिम हुनेछ ।

नेपाल कानुन आयोग

टिप्पणी :- सैनिक (तेस्रो संशोधन) ऐन, २०४० द्वारा "शाही सेना" को सट्टा "शाही नेपाली सेना" राखी रुपान्तर गरिएको छ ।